# विचार

गीतले हृदयसँग र कविताले
मस्तिष्कसँग सरोकार राख्छ।
– अज्ञात

जसलाई कलिल्यै आशा लाग्दैन, ऊ
कहिल्यै निराश पनि हुँदैन।
– बर्नाड शा

## सम्पादकीय

नेपाल समाचारपत्र

### न्याय क्षेत्रमा कर्मचारी अपुग

राजनीतिक हस्तक्षेपको कारण अदालतले गरेको न्याय सम्पादनमा प्रश्न उठ्ने गरेको गुनासो आइरहेको बेला मागअनुसारको जनशक्ति नभएर न्याय सेवामा थप जटिलता भइरहेको कुरा बाहिर आइरहेको छ । आवश्यक जनशक्ति उपलबध नहुँदा अदालतमा छिटोछरितोसँग न्याय सम्पादन गर्नसमेत समस्या परेको गुनासो आएको छ । अदालतमा दर्ता हुने मुद्दाको संख्या बढ्दै गएको र छिटोभन्दा छिटो मुद्दा फछ्र्योट गर्ने कार्य कर्मचारी अभावका कारण हुन नसकेको जवाफ आउन थालेको छ । कर्मचारी अभावको कुराले न्याय सम्पादनमा ढिलाइ भैरहेको जवाफबाट न्यायको लागि वर्षौंसम्म भौंतारिनुपर्ने बाध्यतामा रहेका सेवाग्राही थप पीडामा पर्ने गरेका छन् ।

सर्वोच्च अदालतका उच्च अधिकारीका अनुसार हाल ४ हजार ५ सय ७७ कर्मचारी कार्यरत रहे पनि न्यायालयमा अझै २ हजार १ सय कर्मचारी थप आवश्यक छ । कर्मचारी अभावकै कारण यस आर्थिक वर्षमा सर्वोच्च अदालतमा ११ हजार थान मुद्दा फैसला भए पनि ४ हजार फैसला लेखेर तयार हुन सकेको छैन । यस्तै उच्च अदालतमा २९ हजार मुद्दा फैसला भए पनि करिब ९ हजार फैसला तयार बनाउन बाँकी छ । जिल्ला अदालतहरूमा पनि यो आर्थिक वर्षको झन्डै ७७ हजार थान मुद्दा फैसला हुन बाँकी छ । न्यायालयमा हुने ढिलासुस्तीलाई अहिले कर्मचारी अभावको कारण देखाउन थालिएको छ । सर्वोच्च अदालतमा वार्षिक ४ हजार ४ सयको संख्यामा मुद्दा फछ्र्यौट हुने भए पनि एकजना इजलास अधिकृतले वार्षिक १ सयभन्दा बढी फैसला तयार पार्नुपर्ने बताइँदै आएको छ । साथै सर्वोच्चमा एकजना इजलास अधिकृतले वार्षिक करिब साढे २ सय आदेश तयार पार्नुपर्नेछ ।

न्यायालयमा आवश्यक कर्मचारी नभएपछि सर्वोच्चका कायम मुकायम न्यायाधीशले न्यायपालिकामा कर्मचारी व्यवस्थापन र बजेट प्राप्तिको विषय बक्सिस र निगाहको विषयजस्तो बन्नु दुःखद कुरा भएको भन्दै दुखेसोसमेत गरेका छन् । न्यायपालिकामा कर्मचारी आवश्यकताको विषय मात्र नभई नागरिक अधिकारको संरक्षणको लागि अपरिहार्य कुरा हो भन्ने कुरामा राज्यले ध्यान पुऱ्याउनुपर्नेबारे पटकपटक राज्यको ध्यानाकर्षण गराउँदा पनि कुनै चासो नदिनु गम्भीर विषय भएको न्यायाधीशहरूले नै बताउन थालेका छन् । न्यायपालिकाहरूलाई स्वतन्त्र, निष्पक्ष राखेर न्याय सम्पादन गर्ने वातावरण बनाउन न्यायालयमा हुने राजनीतिक हस्तक्षप हटाउनु त पर्छ नै, यससँगै छिटोछरितो न्याय सम्पादन गर्नको लागि आवश्यक कर्मचारीको पनि व्यवस्था गर्नुपर्छ ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# छिमेकीसँग कहिलेसम्म भीख मागिरहने ?



पुष्करलाल श्रेष्ठ

चन्द्र शमशेरले बनाइदिएको सिंहदरबारको प्रधानमन्त्री कार्यालय भूकम्पबाट भत्किएपछि राजा वीरेन्द्रको शासनकालमा आगलागी भएर पुनर्निर्माण गरिएको स्थानीय विकास मन्त्रालयमा बसेर प्रधानमन्त्री केपी ओलीले आफ्नो काम चलाइरहनुभएको छ। भूकम्पपछि दुईचोटि प्रधानमन्त्री भइसक्नुभएका प्रधानमन्त्री केपी ओलीले पहिलोपटक प्रधानमन्त्री भएको बेलामै राम्रो काम गरेर आफ्नो कार्यकक्षको पुनर्निर्माण गरिसकेको भए यहाँ काम चलाइरहनुभएको सट्टा काम गरिरहनुभएको भनेर लेख्न मिल्थ्यो। तर, दोस्रोपटक प्रधानमन्त्री हुनुभएको ४ महिना बितिसक्दा पनि भाषण र विदेश भ्रमणबाहेक जनताले अनुभूति गर्न सकिने कुनै पनि काम अगाडि बढेको नदेखेपछि काम चलाइरहनुभएको लेख्न बाध्य हुनुपरेको छ। आफू बसेर काम गर्नुपर्ने आफ्नै कार्यकक्ष त बनाउन नसकेर बिरालोले बास सरेझैं सरिरहनुहुने प्रधानमन्त्री ओली आफ्नो हरेक सार्वजनिक कार्यक्रमहरूमा भने देशलाई समृद्ध बनाउँछु भनेर भाषण गर्न छोड्नुहुन्न।

नेपाली जनताले शुद्ध खानेपानी पिउन नपाएको वर्षौं भइसकेको छ। जारको पानीसमेत दूषित भएको कुरा बाहिर आएको छ। मन्त्री हुनेबित्तिकै खानेपानीमन्त्री वीणा मगरले एक महिनाभित्र मेलम्ची आउने कुरा गर्नुभएको थियो। चार महिना भइसक्यो तर आएको छैन। अहिले फेरि असोजको अन्तिम हप्ता भन्न थाल्नुभएको छ। केही दिनयता बजारमा आइरहेको दूध स्वास्थ्यका लागि हानिकारक भनिएको छ। डाक्टरहरू बजारमा छ्यापछ्याप्ती विषादी मिसाइएको तरकारी र फलफूल नखान सुझाव दिइरहेका हुन्छन्। जनतासँग कुन तरकारी अर्ग्यानिक र कुन विषादी भनेर छुट्याउने यन्त्र छैन। बजारमा सरकारी अनुगमन शून्य छ। मूल्यवृद्धिले आकाश छोइसकेको अवस्था छ।

सरकारी अस्पतालहरूमा देखिने गरेको अस्तव्यस्तताले बिरामी लिएर गएका स्वस्थ व्यक्तिसमेत बिरामी भई अस्पताल भर्ना हुनुपर्ने स्थिति छ। यही दुर्दशा भोग्नुपर्ला भन्ने डरले पुष्पकमल दाहाल अहिले आफ्नी पत्नी सीता दाहालको उपचार गर्न सिंगापुर पुग्नुभएको छ। प्रधानमन्त्री ओली पनि खिचिक्क केही बिरामी हुनेबित्तिकै उपचारका लागि विदेशमा गइहाल्नुहुन्छ। अझ विदेशमा उपचारका लागि चाहिने पैसासमेत जनताले तिरेको करको पैसा राज्यको ढुकुटीबाट लिएर हिँड्ने गर्नुहुन्छ। गरिब जनतालाई यस्तो सुख-सुविधा पनि छैन। शान्ति सुरक्षाको कुरा गर्ने हो भने हिजो मात्र राजधानीमा हत्या गरिएका दुई व्यक्तिको लाश भेटिएको छ। सुशासनको आश गरेर बसेका जनता ३३ किलो सुन काण्डमा एक हप्ताअघि पक्राउ परेका भारतीय व्यापारी विमल पोद्दारले नेता र उच्च पदस्थ प्रहरीहरूको नाम पोल्न थालेपछि प्रधानमन्त्री ओलीले घटनाको अनुसन्धान गरिरहेको टोलीलाई सोमबार बोलाएर असार मसान्तभित्र अनुसन्धान निष्कर्षमा पुऱ्याउन दबाब दिएको समाचारहरू पढ्न बाध्य छन्।

रारा तालबाट प्रधानमन्त्री ओलीले भ्रष्टाचारमा शून्य सहनशीलता भनेर भाषण गर्नुभएको तीन महिनापछि पनि पैसा नखुवाई कुनै सरकारी कार्यालयमा काम हुँदैन। सवारी अनुमतिपत्रको म्याद सकिएर नवीकरण गर्न गएको, कहिले आऊँ भन्दा पत्रकार भनेर चिनेपछि यातायात व्यवस्था विभागका कर्मचारी अनुहार नै नहेरी ६ महिनापछि भन्छन्। इमानदार कर्मचारीहरूलाई कि कम्युनिस्ट हुनुपर्ने, कि कांग्रेस हुनुपर्ने बाध्यता छ। कुनै राजनीतिक पार्टीको झन्डा नबोक्ने व्यक्ति जतिसुकै इमानदार र सक्षम भए पनि कुकुर-बिरालोले जति पनि मान्यता नपाउने अवस्था सिर्जना गरिएको छ। त्रिभुवन विमानस्थल जाने भन्यो कि वैदेशिक रोजगारीमा गएका कुनै न कुनै नेपालीका लास बोकेका बाकस हेर्नुपर्ला भन्ने डर लागिरहन्छ। स्वयम् परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले हिजो मात्र संसद्मा बजेटमाथि उठेका प्रश्नको जवाफ दिँदै वैदेशिक रोजगारका लागि विदेश गएका ३ सय ३५ जना नेपाली विभिन्न देशका जेलमा रहेको बताउनुभएको छ। त्यसै गरी २० जना नेपाली कोमामा रहेको र रोजगारीका क्रममा मृत्यु भएका नेपालीको शव ल्याउने क्रम जारी रहेको कुरा लाज नमानीकन संसद्लाई जानकारी गराउनु हुन्छ। यही डरले विदेश नगई व्यवसायको कुनै उचित वातावरण नभए पनि अलि-अलि कमाएको पैसा शेयरमा लगानी गरेका लगानीकर्ता बचेखुचेको पैसा पनि डुब्यो भन्दै रोइरहेका देखिन्छन्।

दिक्क लागेर कतै जाऊँ न भनेर निस्कियो, हिलाम्य सडकमा हिँडिसक्नु छैन। पानी नपर्दा धूलो, पानी पर्दा हिलो। यातायातको सिन्डिकेट हटाउनु नै सय दिनको ठूलो उपलब्धि मान्ने सरकार सिन्डिकेट हटाउन सफल नभएपछि झन् बढेको अराजकता टुलुटुलु हेरिरहेको छ। यही अराजकताको फाइदा उठाउँदै ट्रिपरले दिनहुँजसो मान्छे मारिरहेको छ। सिन्धुली गइरहेका शिक्षामन्त्री गिरिराजमणि पोखरेलको गाडीलाई ट्रिपरले हानेर मन्त्री बालबाल बचेको घटना घटिसक्दा पनि सरकार यसको कुनै व्यवस्थापन गर्न सक्तैन। एक दिन आफन्तलाई छोड्न गोंगबु बसपार्क पुगेको त त्यहाँको अस्तव्यस्तता देखेर रिंगटा लाग्लाजस्तो भयो। पहिल्यै बसको टिकट बुक गरेर समयमै बसपार्क पुग्दा पनि अघोषित सिन्डिकेटको मारमा परेर एक घण्टा बसको क्यूमा फसेपछि मात्र सरकारको सिन्डिकेटले हावा खाइसकेको अनुभव भयो। देशको अवस्था पहिलेभन्दा झनै अस्तव्यस्त भइसकेको रहेछ। तैपनि हाम्रा प्रधानमन्त्री केपी ओली चीनबाट रेल आएपछि देश समृद्ध हुन्छ जस्तो गरी भाषण गरिरहनुहुन्छ। जाबो एउटा गोंगबुको बसपार्क त व्यवस्थित गर्न नसक्ने सरकारले, हजारौं यात्रु ओहोरदोहोर गर्नुपर्ने ट्रेन स्टेसनको कसरी व्यवस्थापन गर्छ होला ? हिजै मात्र पनि अमेरिकाले बनाइदिएको हनुमानढोकाको गद्दी बैठकको उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले नेपाल आर्थिक समृद्धि र विकासको नयाँ युगमा प्रवेश गरिसकेको भाषण गर्दै हुनुहुन्थ्यो। झन् आफैंले बनाएर उद्घाटन गर्न पाएको भए 'अब देशको विकास कसरी गर्नुपर्छ भनेर अमेरिकाले नेपालसँग सिक्नुपर्छ' भन्नुहुन्थ्यो होला।

भर्खरै सम्पन्न प्रधानमन्त्री ओलीको चीन भ्रमण अवधिभर रेलको खुब चर्चा सुनियो। प्रधानमन्त्री भारत जाँदा पनि रेलकै चर्चा, चीन जाँदा पनि रेलकै चर्चा। त्यसो त चुनावअघिदेखि नै रेलको सपना देखाउँदै आउनुभएका प्रधानमन्त्री ओली प्रधानमन्त्रीबाट अवकाश भइसकेपछि पनि रेलकै कुरा गरिरहनुहुने पक्कापक्कीजस्तै छ। किनभने भर्खरै चीन भ्रमणका बेला चीनसँग गरिएको रेल सम्झौताबमोजिम समयअनुसार सबै काम भए पनि सात वर्षपछि मात्र केरुङबाट नेपालमा रेल पुग्ने कुरो आइसकेको छ। प्रधानमन्त्रीले भनेजस्तै भारत वा चीनबाट पूरै रेल नआएर रेलको थुतुनो मात्र पसे पनि यसबाट नेपाली जनतालाई हुन्छ के ? प्रधानमन्त्री ओलीको रेल ल्याउने भाषण सुन्दा-सुन्दा वाक्क भइसकेकी नेपाली कांग्रेसकी सांसद ज्ञानकुमारी छन्त्यालले 'आफ्नै देशको खुनखानीबाट गुर्जा जानलाई एउटा पैदल मार्ग बनाउन नसक्ने सरकारले रेलमार्ग र पानीजहाजको सपना देखाउँछ' भन्दै संसद्मै आक्रोश पोखिसक्नुभएको छ।

यो प्रसँग यहाँ प्रधानमन्त्री ओलीसँग कुनै आग्रह वा पूर्वाग्रहले उठाउन खोजिएको भने होइन। रेल ल्याउन सकियो भने त राम्रै कुरा हो। तर अहिले यो हाम्रो प्राथमिकताको कुरो हो कि होइन भन्ने सवाल मात्र हो। रेल देख्न नपाएका र चढ्न रहर भएका केही नेपालीलाई रेलको सपना देखाउनु एक जना राजनीतिज्ञका लागि जनतालाई भुल्याइरहने एउटा अचूक उपाय त हुन सक्ला। तर, दुई वर्षभित्र मुलुकलाई तुइनमुक्त बनाउँछु भन्दै पहिलोपटक प्रधानमन्त्री हुँदा आफैंले हस्ताक्षर गरेको पहिलो निर्णय के भइरहेको छ भनेर बिहान-बेलुकीको छाक टार्न गोरखाको घ्याल्चोक र धादिङको चरौंदी जोड्ने त्रिशूली नदीमाथि रहेको तुइन चलाउन बाध्य उमेरले ७० वर्ष नाघिसकेका धादिङ, धुसाका शुक्रबहादुर चेपाङ आएर यही कुरा सोधे भने के जवाफ दिनुहुन्छ प्रधानमन्त्रीज्यू ?

अर्को कुरा, चीनले आफ्नै भूमि सिगात्सेसम्म रेल पुऱ्याउन अझै एक वर्ष लाग्छ भनिसकेको छ। प्रधानमन्त्रीले जतिसुकै चर्को स्वरले रेलको कुरा गरे पनि चीन भ्रमणका क्रममा काठमाडौं-केरुङ रेलको समझदारीपत्रमा रेल्वे सेवालाई कसरी अगाडि बढाउने भन्ने कुनै कुरा प्रस्ट छैन। प्रधानमन्त्री ओली स्वयंले चीनबाट फर्किएलगत्तै विमानस्थलमा रेलको लगानीबारे पत्रकारले प्रश्न उठाउँदा 'जोसँग पैसा छ, उसले बनाउँछ' भनी हल्काफुल्का उत्तर दिएकोबाट पनि यसको पुष्टि हुन्छ। गरिब छिमेकीले पेट्रोलको भार थेग्न सक्तैन भन्दै विद्युत्बाट चल्ने गरी बनाइदिएको ट्रली बसलाई त तहसनहस बनाइदिने विश्वसनीयता गुमाइसकेका राजनीतिक दलका नेताहरूलाई भरोसा गरेर विस्तृत परियोजना प्रतिवेदनका लागि मात्र ३ अर्बभन्दा बढी खर्च चाहिने रेलमार्ग चीनले यति चाँडै विश्वास गरेर बनाइदेला जस्तो पनि लाग्दैन। प्रधानमन्त्री ओलीले चीनसँगको मित्रताबारे जति बखान गरे पनि भारतीय नाकाबन्दीका कारण जनताले चरम दुःख पाइरहेको अवस्थामा समेत चीनले तातोपानी नाका खोलेर सहयोग नगरेको नेपाली जनताले यति चाँडै कहाँ बिर्सेका होलान् ?

चुनाव अघि ओलीको राष्ट्रियताको कुरा, पार्टी एकता र चुनावी घोषणालाई विश्वास गरी जनताले झन्डै दुई तिहाइ मत दिएर ओली नेतृत्वको पार्टीलाई सत्ता सुम्पिसकेकै छन्। अहिलेसम्म त चुनावी घोषणाअनुसार काम गर्न नसके तापनि कमसे कम नयाँ वर्षको उपलक्ष्यमा रारा तालबाट नेपाली जनतासमक्ष गरिएका बाचाहरू पूरा गर्ने कोसिस गरिरहेको संकेत पाउनुपर्ने हो। राष्ट्रियताकै कुरा गरी चुनाव जितेर आए पनि अहिले जनताले उहाँसँग भारत जाँदा कालापानी र चीन जाँदा लिपुलेकका विषयमा किन उच्चारण नगरेको भनी सोधेका छैनन् क्यारे ! घर-घरमा ग्यासको पाइप नआए पनि जनता चुप लागेकै छन्। यति सोझो, सहनशील र सानो कुरा पाए पनि दंग पर्ने जनता भएको देशमा पानीजहाज र रेलजस्ता ठूला-ठूला कुरा गरेर प्रधानमन्त्री अलमलिइरहनुभन्दा जनताले अहिले भोगिरहनुपरेका व्यावहारिक समस्या सम्बोधन गर्नतिर पो लाग्नुपर्ने होइन र ?

पछिल्लो समयमा प्रधानमन्त्री ओली मुलुकको स्रोत, साधन, सीप, क्षमतामाथि विश्वास गर्न छोडेर रातदिन चीन र भारतलाई साथमा लिई नेपाललाई समृद्ध बनाउँछु भनी भाषण गर्दै हिँडेको देखेपछि त जनता झन् निराश बन्न थालेका छन्। आफ्नो स्वार्थका लागि कहिले रक्सौल नाका बन्द गर्ने त कहिले तातोपानी नाका बन्दा गर्ने छिमेकीहरूको भरमा पनि कतै देश चल्छ ? आजका दिनसम्म पनि यी छिमेकीहरूकै भर पर्दा हामीले दुःख पाएका होइनौं ? हेपिनुपरेको होइन ? 'कुनै पनि कुरा माग्नु मृत्यु बराबर हो। त्यसैले कसैसँग पनि भीख नमाग। आफ्ना पुरुषार्थले स्वयम् यस्ता चिज प्राप्त गर, ताकि कसैसँग केही माग्न नपरोस्।' भन्ने विद्वान् सन्त कबीरको यो प्रसिद्ध वाणी हाम्रा प्रधानमन्त्रीले पढेकै छैनन् कि क्या हो ?

> पछिल्लो समयमा प्रधानमन्त्री ओली मुलुकको स्रोत, साधन, सीप, क्षमतामाथि विश्वास गर्न छोडेर रातदिन चीन र भारतलाई साथमा लिई नेपाललाई समृद्ध बनाउँछु भनी भाषण गर्दै हिँडेको देखेपछि त जनता झन् निराश बन्न थालेका छन्। आफ्नो स्वार्थका लागि कहिले रक्सौल नाका बन्द गर्ने त कहिले तातोपानी नाका बन्द गर्ने छिमेकीहरूको भरमा पनि कतै देश चल्छ ?

## पाठक पत्र

### कानुनको राज्य होस्

संघीय संरचनामा मुलुक पुगिसकेपछि यसबाट उत्पन्न विभिन्न खाले परिस्थितिहरूलाई आत्मसात् गर्दै मुलुकको आर्थिक अवस्था सुधारका लागि सरकार अगाडि बढेको देखिएको छ। कुनै एक व्यक्ति सामाजिकरूपमा सशक्त नभएसम्म त्यहाँको सामाजिक स्वरूप परिवर्तनमा समस्या कायमै रहन्छ। अहिले पनि हाम्रो समाजमा कतिपय सामाजिक मूल्य र मान्यता निकै राम्रा छन्, कतिपय नराम्रा पनि छन्। राम्रा संस्कारलाई आत्मसात् गर्दै नराम्रा संस्कार र कुरीतिहरू घट्दै गएको देखिए पनि अझै बढी पैरवी र वकालत जरुरी देखिएको छ।

दैलेखमा देखिएका विभिन्न सामाजिक कुरीतिका घटनाहरूको विश्लेषण गर्ने हो भने पनि कतिपय कानुन नबुझेर गरिएका विभेदहरू छन्, कतिपय सामाजिक मूल्य र मान्यताका कारण समस्या देखिएको छ। कतिपय जतीय रूपमा गरिएका विभेदहरूले समस्या बढेको छ। कतिपय जानेबुझेकाहरूले हैकम चलाउने क्रममा समेत विभेदका घटनाहरू बढेका छन्। यस्ता सबै खाले घटनाहरूलाई न्यूनीकरणका लागि अब हरेक स्थानीय सरकारहरूले वकालत पैरवी र बहस गर्नु जरुरी देखिएको छ।

स्थानीयरूपमा गरिएका सामाजिक विभेदका घटनाहरूलाई सामान्य भन्दै मिलापत्रमै टुंगोमा पुऱ्याउने प्रवृत्तिले पनि सामाजिकरूपमा अपराधका घटनाहरू बढ्दै गएको देखिन्छ। यस्ता घटनाहरूमा संलग्नलाई कानुनी सजायसम्मका लागि पनि बहस र पैरवी हुनुपर्ने देखिन्छ र सामाजिकरूपमै मिलापत्र गर्ने चलनको अन्त्य गर्नुपर्ने आजको आवश्यकता हो।

*- दीपक लुइँटेल, भक्तपुर*

# लागूऔषध दुर्व्यसनको विकराल समस्या

प्रमिला शर्मा भुषाल

लागूपदार्थ भन्नाले विभिन्न मादक पदार्थ, पेयपदार्थ तथा लागूऔषधलाई बुझिन्छ। जसको सेवनले व्यक्तिको मानसिक स्तिथिमा परिवर्तन हुन्छ। यसलाई नशा पनि भन्ने गरिन्छ। सामान्यतया लागूऔषध गाँजाजन्य र अफिमजन्य गरी दुई प्रकारका हुन्छन्। गाँजाजन्यमा गाँजा, चरेस, भाङ, धतुरोलगायत हुन्छन् भने अफिमजन्य लागूऔषधअन्तर्गत अफिम, मर्फी, हेरोइन, कोडिन, मेथाडेनलगायत पर्दछन्। लागूऔषध सेवन गर्ने तरिका फरक छ। कुनै सिरिन्जमार्फत लिइन्छ त कुनै धूमपान तथा कुनै मद्यपानमार्फत लिएको पाइन्छ। यसका साथै चिकित्सकको परामर्शविना कुनै पनि औषधिको दुरूपयोग गरी सेवन गर्नुलाई पनि लागूऔषध सेवन भनिन्छ।

लागूऔषधको सेवनले मानिसको शारीरिक तथा मानसिक दुर्बलता ल्याउनुका साथै मस्तिष्क, मुटु, फोक्सोजस्ता संवेदनशील अंगहरूमा आघात पर्दछ। यसको प्रयोगले मानिसमा आक्रामक बनाउने, हिंश्रक बनाउने, उत्तेजित बनाउने हुँदा विभिन्न आपराधिक घटना घट्ने सम्भावना पनि उत्तिकै रहन्छ। नेपालको सन्दर्भमा हेर्ने हो भने, अदालतले फैसला गरेका कतिपय आपराधिक घटनाहरूको कारक तत्व नै लागूऔषध सेवन देखिन थालेको छ। नेपाली समाजमा अभिभावकहरूको अति व्यस्त दैनिकीको कारण विद्यालयस्तरमा अध्ययनरत १३ देखि २० वर्षभित्रका बालबालिका तथा युवाहरू दुर्व्यसन फन्दामा फसेको देखिन्छ। लागूऔषध दुर्व्यसनका कारण देशका होनहार युवाहरू शक्तिहीन र नकाम बनेका छन्। नेपालमा खासगरी साथीभाइको संगत, बेरोजगारी, परिवारको भूमिकामा कमी, पश्चिमाहरूको संस्कृतिको प्रभाव आदिको कारणले दुर्व्यसनमा फस्ने गरेको भेटिन्छ। लागूपदार्थको व्यापारबाट सहजै र छिट्टै धनी हुनेजस्ता सोचका कारण पनि युवाहरू यसमा लागेको देखिन्छ।

लागूऔषध नियन्त्रण तथा सुधारका क्षेत्रमा काम गरिरहेको संस्था नार्कोनन नेपालले करिब २ लाख लागूऔषध दुर्व्यसनीहरूमा गरेको सर्वेक्षणले करिब ८० प्रतिशतले कक्षा ६ देखि कक्षा १२ भित्रै लागूऔषधको लतमा परिसकेको बयान दिए। यो आँकडाले नेपालमा लागूपदार्थको सेवन गर्ने बालबालिका र युवाको संख्या विकरालरूपमा बढिरहेको देखिन्छ।

विशेष गरी बालबालिकामा मद्यपान, धूमपानजस्ता लागूपदार्थजन्य नशालु पदार्थको सेवन गर्नुको प्रमुख कारण अनिद्रा, थकान, तनाव, पीडा, दुखाइलाई कम गर्न लिने गरेको अध्ययनले देखाएको छ। त्यसो त देखासिकीमा लागेर दुर्व्यसनी बन्नेको संख्या पनि कम छैन। विशेष, तराईका जिल्लाहरूमा हालै आएर यस्ता लागूपदार्थ दुर्व्यसनीको संख्या अत्यधिक मात्रामा बढेको पाइन्छ। एक सर्वेक्षणअनुसार, नेपालमा कडा लागूपदार्थको सेवनकर्ताको संख्या १ लाख ३० हजारभन्दा बढी रहेको देखिन्छ। कुनै-कुनै संस्थाले यो संख्या २ लाखभन्दा बढी रहेको बताउँछन्। गृह मन्त्रलयको तथ्यांकमा भने करिब ४६ हजार रहेको देखिन्छ। यसमा सबैभन्दा बढी राजधानीमा दुई तिहाइ र त्यसपछि तराईका केही स्थानहरू झापा, चितवन, विराटनगर, वीरगन्ज, धरान, बुटवल, नेपालगन्ज रहेका छन्। लागूपदार्थको बढी सेवन गर्नेमा १३ देखि २० वर्षका किशोरकिशोरी धेरै छन्। नेपालमा कडा खालका लागूऔषध प्रयोग गर्ने दुर्व्यसनीको संख्या ६ गुणाले बढेको गृह मन्त्रालयले गरेको सर्वेक्षणमा पाइएको छ। राजधानीमा गरिएको एक कार्यक्रममा गृह मन्त्रालयको लागूऔषध नियन्त्रण विभागले गरेको सर्वेक्षणमा ४६ हजार दुर्व्यसनी पाइएको छ, जसमा ७ दशमलव २ प्रतिशत महिला छन्।

विभिन्न गैरसरकारी संस्थाहरूले भने कुल लागूऔषध दुर्व्यसनीमध्ये ४० हजार महिला रहेको बताएका छन्। दुर्व्यसनीमध्ये ८० प्रतिशत १३ देखि १९ वर्ष समूहका विद्यार्थी रहेका छन्। आम अभिभावकले आफ्ना छोराछोरीको चालचलन र व्यवहार कस्तो छ भनेर बेलैमा विचार नगरेमा ठूलो दुर्घटना निम्तिन सक्छ। प्राय: किशोरकिशोरी कुलतमा फस्न लागेका छन् भने पहिले उनीहरूको शरीर दुब्लाउँदै जान्छ। मुखबाट र्याल निस्कन थाल्छ। शरीरका अंगहरूको सन्तुलन मिल्न छोड्छ। अत्यधिक निद्रा लाग्न थाल्छ। उनीहरूको स्मरणशक्ति क्षीण हुन थाल्छ। बिस्तारै दिमागी हालत बिग्रँदै जान थाल्छ। उनीहरूलाई घरमा पाहुना आएको मन पर्दैन। भीडभन्दा एकान्त स्थान मन पराउन थाल्छन्। यी सामान्य गतिविधिबाट बाबुआमा छोराछोरी कुलतमा लागे वा नलागेको स्पष्ट हुन सक्छन्। यसबाहेक अरू धेरै लक्षणहरू पनि देखिन्छन्, जुन चिकित्सकसँग मेडिकल जाँच गराएर थाहा पाउन सकिन्छ।

आज विश्वका विभिन्न मुलुकहरूमा लागूऔषध दुरूपयोग ठूलो समस्याको रूपमा रहेको छ। युएनओडीसी रिपोर्ट, २०१६ अनुसार सन् २०१४ मा विश्वमा अनुमानित २४७ मिलियन लागूऔषध प्रयोगकर्ताहरू रहेका छन् भने २९ मिलियन मानिस लागूऔषधबाट प्रताडित छन्। त्यस्तै १२ मिलियन मानिस सुईमार्फत ड्रग प्रयोग गर्छन् र १.६ मिलियन सुईमार्फत ड्रग प्रयोग गर्ने मानिसहरू एचआईभी संक्रमित भएर बाँचेका छन्। यो संख्या १६-६४ वर्ष उमेर समुहभित्रको हो। विश्वमा लागूऔषध दुर्व्यसनीका कारण बर्सेनि झन्डै २ लाख ५३ हजार मानिसले मृत्युवरण गर्छन्। लागूऔषधको कारोबार र त्यसबाट सृजित अपराधमा समेत समानुपातिक हिसाबमा बढोत्तरी भैरहेको छ। अझ अन्तर्राष्ट्रिय माफियाहरूको राम्रो सञ्जाल तथा प्रविधिहरूको उच्च प्रयोग र छोटो समयमा नै आम्दानीको राम्रो स्रोत बन्न जाने कारण लागूऔषधको कारोबार दिन-प्रतिदिन अझ बढेको पाइन्छ । अन्य महादेशको तुलनामा एसियामा अधिक मात्रामा लागूऔषधका दुर्व्यसनीहरू रहेका छन्।

अन्तर्राष्ट्रिय तहमा यसलाई रोक्न धेरै पहिलेदेखि नै अर्थात् १९०९ को अफिम कमिसनले लागूऔषध नियन्त्रणको पहिलो प्रयास थालनी गरेको थियो भने हेग कन्भेन्सन १९१२ ले पनि यस दिशातर्फ सन्धी कानुनको आयाम थप्यो। सन् १९८८ को महासन्धीले मूलत: लागूऔषधको अवैध नियन्त्रण कार्यमा पूर्णता ल्याउन नसके तापनि तत्कालीन विश्व समुदायको प्रयास र लागूऔषध समस्याको बोध गराउने काम गर्दै आएका छन्। लागूऔषधको दुरूपयोग र अवैध ओसारपसारसम्बन्धी १९८७ को अन्तर्राष्ट्रिय सम्मेलनमा लागूऔषधको मागमा न्यूनीकरण र रोकथाम, वितरणमा नियन्त्रण, अवैध ओसारपसारमा रोक अनि दुर्व्यसनीहरूको उपचार र पुनर्स्थापनाका लागि केही छलफल चलाइएको थियो। तर त्यसको कार्यान्वयनको लागि राष्ट्रहरूलाई स्पष्ट दायित्व सुम्पिएको पाइँदैन।

लागूऔषधजस्ता गम्भीर समस्या समाधान गर्न यसलाई कर्मक्षेत्रमा उतार्नको लागि अनुसन्धान, छानबिन, परीक्षण, मुद्दा दायरसम्बन्धी विशेष व्यवस्था गर्न आवश्यक छ। लागूऔषध परीक्षण गर्ने, विशेषज्ञ तयार पार्ने, लागूऔषधसम्बन्धी अपराध अनुसन्धान गर्न छुट्टै निकाय खोल्न आवश्यक छ। हाल यसको वैज्ञानिक यन्त्रशाला काठमाडौंमा मात्र छ। अन्य फौजदारी मुद्दाका प्रतिवादीलाई २५ दिन अनुसन्धानका लागि राखिन्छ भने लागूऔषध नियन्त्रणअन्तर्गत रहेका अभियुक्तलाई ९० दिन अनुसन्धानको लागि प्रहरीको नियन्त्रणमा राखिन्छ। यो ढिलो हुनु भनेको सबै लागूऔषधको परीक्षण गर्न काठमाडौंको अनुसन्धान यन्त्रशालामा लैजानुपर्ने बाध्यता नै हो।